जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली ।
सुदूरपश्चिम प्रदेश, नेपाल ।

**4WD Hardtop Jeep खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७५/१०/०४)

यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमको सवारी साधन E- Bidding मार्फत खरिद गर्नुपर्ने भएकोले उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) ले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिदेखी Website मा तोकिएको मिति र समयसम्ममा बोलपत्र फारम PPMO को Website www.bolpatra.gov.np/egp बाट Download गरि प्राप्त गर्न सकिने छ ।

२. PPMO को Website मा तोकिएको मिति तथा समयभित्र बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा अध्यावधिक रहेको व्यवसाय दर्ता प्रमाणपत्र, कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृध्दि कर (VAT) दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, आ. व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्र, उत्पादक कम्पनीबाट यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्नको लागी अधिकार प्रत्यायोजन गरेको आधिकारिक पत्र (Manufacturer's Authorization Letter), Bid Submission Form, Price Schedule, Technical Specification, Delivery Schedule तथा बोलपत्र खरिद दस्तुर वापत लाग्ने रकम यस कार्यालयको एन. आई. सि. एसिया बैंक लिमिटेड, जोशीपुर, कैलाली शाखामा रहेको संचित कोष खाता नं. C341498781524004 मा जम्मा गरेको भौचर एवं जमानत वापतको रकम यस कार्यालयको एन. आई. सि. एसिया बैंक लिमिटेड, जोशीपुर, कैलाली शाखामा रहेको धरौटी खाता नं. C341498781524001 मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी १२० दिन म्याद रहेको बैंक जमानीपत्र (Unconditional Bid Bond) तथा बोलपत्रमा पेश गर्नुपर्ने भनी उल्लेख गरिएका सम्पूर्ण कागजातहरु Scanning गरी तोकिएको ढाँचामा Upload गर्नुपर्नेछ । बोलपत्र खरिद गर्ने रसिद, भौचर तथा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिईनेछ ।

३. कार्यालयबाट Hard Copy बोलपत्र उपलब्ध गराईने छैन । कुनै बोलपत्रदाताले सम्बन्धित Website बाट बोलपत्र Download गरी यस कार्यालयमा दाखिला गर्न आएमा त्यस्तो बोलपत्र कार्यालयले स्विकार गर्नेछैन ।

४. बोलपत्रदाताहरुले बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी ७ (सात) दिनभित्र सम्पूर्ण सक्कल कागजातहरु अनिवार्य रुपमा कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ ।

५. E-Bidding मार्फत दर्ता भएका बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा दिनको १४:०० बजे कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदापछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

६. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहने छ साथै रित नपुगेका बोलपत्रहरु उपर कुनै कार्यवाही गरिने छैन ।

७ बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८. अन्य कार्यबिधीहरु सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

९. बोलपत्र सम्बन्धी अन्य थप केही कुराहरु बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| JRM/GOODS/V/NCB/01/2075/076 | 4WD Hardtop Jeep, Max. Engine Power output not less than 120 PS, Max. Torque not less than 280 Nm @ governed RPM & Others are as per approved Technical Specification. | १ (एक) | ३,०००/- | १,५५,०००/ |

प्रमुख प्रशासकीय अधिकृत

२०७५/१०/०४

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत